E-Mail : shikharmunicipality@gmail.com
E-Mail : int.shikharmunicipality@gmail.com
Web : www.shikharmun.gov.np

# शिखर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तल्कोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.:०८२/०८३
च.नं:

**सूचना प्रकाशित मितिः२०८३/०१/१०**

शिखर नगरपालिकाको चालु आ.व. २०८२/०८३ मा शसर्त अनुदान तर्फ आ.व. २०८१/०८२ मा स्थापना भएका सुन्तलाजात पकेटहरुको निरन्तरताका लागि सुन्तला वगैचा स्थापना तथा व्यवस्थापन सम्बन्धी विभिन्न कार्यक्रम संचालन गर्नुपर्ने भएकोले गत आ.व. मा सुन्तलाजात पकेट कार्यक्रमा छनोट भई पकेट स्थापना गरेका कृषि समूह/सहकारी/कृषि फर्महरुले तपशिलका मापदण्डहरु तथा निम्नानुसारका आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात् (मिति २०८३/०१/२४ गते भित्र) शिखर नगरपालिकाको कृषि विकास शाखामा तोकिएको ढाँचा (अनुसूची- १०) अनुसार आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै यस विषयमा थप जानकारीका लागि शिखर नगरपालिका कृषि विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।

.................. १/१०
(शेर बहादर बुढा)
प्रमुख प्रशासकीय अधिकृत

**निवेदन साथ पशे गर्नुपर्ने कागजातहरुः**

१) अनुसूची- १० अनुसारको प्रस्तावना,
२) कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणको प्रतिलिपि,
३) कृषि फर्म/उद्यमिको हकमा स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
४) कार्यक्रम संचालन हुने स्थान(जग्गा/जमिन) को लालपुर्जा प्रतिलिपि(कम्तिमा ७ हेक्टर) वा भाडाको जग्गा भएमा कम्तिमा २० (बिस) वर्षको सम्झौतानामा,
५) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि(समूहको हकमा समूहका सम्पूर्ण सदस्यहरुको नागरिकता प्रतिलिपी),
६) वडा कार्यालयको सिफारिस तथा पकेट संचालक समितिको निर्णय प्रतिलिपि,
७) गत आ.व. मा पकेट विकास कार्यक्रम संचालन भएको सम्झौता तथा कार्यदिशको प्रतिलिपी,
८) गत आ.व. मा कृषक समूहले सुन्तलाजात पकेट विकास कार्यक्रम संचालन गरेको प्रमाण खुल्ले समूहका सम्पूर्ण निर्णयहरुको प्रतिलिपी,

**आधारभुत मापदण्डहरुः**

१) गत आ.व. ०८१/०८२ मा सुन्तलाजात पकेट संचालन गरेका कृषक समूह/कृषि फर्महरुले यस आ.व. ०८२/०८३ मा कुनै पनि कार्यालयबाट कृषि अनुदान लिएको पाएमा उक्त कृषक समूह/फर्महरुलाई कार्यक्रममा समावेश गराईने छैन ।
२) कृषि फर्म/समूहले गत. आ.व. २०८१/०८२ मा संचालन गरेका सम्पूर्ण क्रियाकलापहरुको कार्यालयबाट तोकिएको ढाँचा अनुसारको प्रगती प्रतिवेदन शिखर नगरपालिका कृषि विकास शाखामा पेश गर्नुपर्नेछ ,
३) गत आ.व. ०८१/०८२ स्थापना गरिएका सुन्तलाजात बगैंचाको उचित स्याहार-सुसार नगरेको वा उपलब्ध गराइएका सामग्रीहरूको दुरुपयोग गरेको पाइएमा त्यस्ता समूह/फर्मलाई कार्यक्रममा समावेश गरिने छैन्।